## बटेश्वर गाउँपालिकाद्धारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः१ संख्याः३ .मिति २०८१/०८/०४


### भाग-२

## बटेश्वर गाउँपालिका

नेपालको संबिधान,२०७२ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बटेश्वर गाउँपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने सम्वन्धि ऐन,२०७५ को दफा (४) बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधि,स्थानीय सरकार संचालन ऐन २०७४ को दफा दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### सम्वत् २०८१ सालको कार्यबिधि नं.३
### अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०८१

**प्रस्तावना:**नेपालको संविधान ,अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन, २०७४ तथा संयुक्त राष्ट्र संघले पारित गरी नेपाल सरकारले हस्ताक्षर समेत गरिसकेको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि महासन्धि- २००६ (convention on the right of Persons with Disabilities -CRPD) उद्देश्य, मर्म र भावना बमोजिम अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि बनाउन बाञ्छनिय भएकाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन,२०७४ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरि बटेश्वरगाँउपालिकाबाट देहायको अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र **वितरण** कार्यविधि जारी गरि लागु गरिएको छ ।

## परिच्छेद : १

### प्रारम्भिक :

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम “अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण सम्बन्धि कार्यविधि ,२०८१” रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिका बाट स्विकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) कार्यविधि भन्नाले “अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण सम्बन्धि कार्यविधि, २०८१” सम्झनु पर्दछ ।

(ख) स्थानिय तह भन्नाले गाउँपालिका सम्झनु पर्दछ ।

(ग) वडा कार्यालय भन्नाले स्थानिय तहको वडा कार्यालय सम्झनु पर्दछ ।

(घ) समन्वय समिति भन्नाले अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण सम्बन्धी कार्यविधि, २०८१(बमोजिमको स्थानिय समन्वय समिति सम्झनु पर्दछ ।

## परिच्छेद -२

### उदेश्य, मापदण्ड :

३. उदेश्य : यस कार्यविधिको उदेश्य देहाय बमोजिम रहेका छन् :

(क) विभिन्न प्रकारका अपाङ्गता भएका नेपाली नागरिकहरूको पहिचान गरि उनीहरूलाई सेवा सुविधामा पहुँच स्थापित गर्न , त्यस्ता सेवा ,सुविधाहरूको लागि योजना निमार्ण गर्न र स्थानिय तह देखि नै विभिन्न प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरूको वगीकृत लागत राख्न सहज तुल्याउन ।

(ख) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन र अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धि महासन्धि-२००६ मा नेपाल सरकारले जनाएको प्रतिवद्धता बमोजिम अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकताको आधारमा सेवा सुविधाहरू उपलब्ध गराउन सहज बनाउने ।

(ग) अपा·ताको प्रकृति, वर्गिकरण र अवस्थाका आधारमा अपाङ्गता भएका व्यक्तिले पाउने सेवा ,सुविधा र अवसरको प्राथमिकिकरण गर्न सहयोग गर्ने

**४. परिचय-पत्र वितरण मापदण्ड देहाय बमोजिम रहेका छन् :**

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐनको अनुसुचीमा गाम्भीर्यताको आधारमा गरिएको अपाङ्ताको वर्गिकरण गरि देहायका ४ समूहमा परिचय-पत्र वितरण गरिनेछ :

**क) पुर्ण अशक्त अपाङ्गता :**

तल उल्लेखित अवस्थाका व्यक्तिहरूलाई "क"वर्गको परिचय पत्र उपलब्ध गराइनेछ जुन रातो रंगको पृष्टभूमिमा जारी गरिनेछ ।

१. व्यक्तिको शारिरिक ,मानसिक वा इन्द्रिय सम्बन्धी प्रणालीहरूमा भएको क्षति र यसले ल्याएको कार्यगत विचलनको अवस्था असाध्य गम्भीर भई अरूको सहयोग लिएर पनि दैनिक जीवन सम्पादन गर्न असाध्यै कटिन हुने व्यक्ति ,

२. सामान्य भन्दा सामान्य दैनिक कृयाकलापहरू पनि स्वयं गर्न नसक्ने र अन्य व्यक्तिको सहयोग आवश्यक पर्ने ,तीव्र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू , तीव्र रूपमा अटिज्म प्रभावित ,पूर्ण रूपमा ,श्रवणदृष्टिविहिन व्यक्तिहरू ,

३. दुई वा सोभन्दा बढी प्रकृतिका शारिरिक ,मानसिक वा इन्द्रिय सम्बन्धी क्षति भई सवैजसो दैनिक कृयाकलाप हरू अन्य व्यक्तिकै सहयोगमा गर्नुपर्ने अवस्थाका व्यक्तिहरू ,

**ख) अति अशक्त अपाङ्गता :**

तल उल्लेखित अवस्थाका व्यक्तिहरूलाई "ख" वर्गको परिचय पत्र उपलब्ध गराइनेछ जुन निलो रंगको पृष्टभूमिमा जारी गरिनेछ ।

१. शारिरिक ,मानसिक वा इन्द्रिय सम्बन्धी प्रणालीहरूमा भएको क्षति वा विचलन भएता पनि निरन्तर वा अधिकांश समय सहयोगी ,दोभाषे वा मानव पथप्रदर्शक आदिको सहयोगमा आफ्नो दैनिक कृयाकलापहरू लगायत हिडडुल र संचार गर्न कटिनाई हुने व्यक्तिहरू

२. मष्तिस्क पक्षघात, मेरूदण्डमा चोटपटक वा पक्षघात, हेमोफिलिया, मांशपेशी सम्बन्धी समस्या वा विचलन लगायत अन्य विभिन्न कारणले शरीरको ढाड, हात गोडा, कम्मर आदिले काम गर्न नसकी दैनिक आवागमनको लागि हविलचियर प्रयोग गर्नुपर्ने अवस्थाका व्यक्तिहरू ।

३. दुवै हात कुमदेखि वा पाखुरादेखि मुनी पुरै नचल्ने वा गुमाएका, विभिन्न कारणले दुबै हात र गोडा गुमाएका वा नचल्ने , कम्मरभन्दा मुनीको भाग गुमाएका वा नचल्ने, दुवै गोडा पूर्ण क्रियाशिल नभई बैसाखीको प्रयोग गर्ने व्यक्तिहरू,

४ .दृष्टिविहिन र पूर्णदृष्टिविहिनको परिभाषा अर्न्तगत पर्ने व्यक्तिहरू,

५. संचारको लागि निरन्तर दोभाषे आवश्यक पर्ने पूर्ण रूपमा कान सुन्न नसक्ने (वहिरा),दैनिक जीवनका क्रियाकलापहरू स्वयं गर्न नसक्ने ,सिकाइमा समस्या भएका वौद्धिक अपाङ्गता वा अटिज्म भएका व्यक्तिहरू, निरन्तर अरूको सहयोग लिइरहनुपर्ने बहु अपाङ्गता भएका व्यक्तिहरू ।

**ग) मध्यम अपाङ्गता :**

१. कृत्रिम अंग, क्यालीपर, विशेष प्रकारका जुत्ता जस्ता सहायक सामाग्रीको प्रयोगबाट सामान्य हिडडुल लगायत दैनिक जीवनका क्रियाकलापहरू स्वयं गर्न सक्ने

२. विभिन्न कारणले घुँडामुनिको अंगमा मात्र प्रभाव परेको तर सहायक सामाग्रीको प्रयोग नगरि पनि सामान्य हिडडुल गर्नसक्ने,

३. कुम वा पाखुरा भन्दा मूनीको एक हात गुमाएका वा हात नचल्ने वा हातले गर्ने काम गर्न नसक्ने,

४. दूवै हातको हत्केलाभन्दा मुनीका कम्तीमा बुढी औंला र चोरी औंला गुमाएका,

५. दूवै गोडाको कुर्कुच्चाभन्दा मुनीको भाग नभएका तर सामान्य हिडडुल गर्न सक्ने,

६. मेरूदण्डमा समस्या भई ढाड कुप्रिएको,

७. सिकाइमा ढिलाइ भएका दैनिक क्रियाकलाप स्वयं गर्न नसक्ने बौद्धिक अपाङ्गता र अटिजम भएका व्यक्तिहरू,

८. श्रवणयन्त्रको प्रयोगवाट वा टुलो आवाजमात्र सुन्नसक्ने सुस्चश्रवण व्यक्तिहरू,

९. शल्यक्रियाबाट स्वरयन्त्र झिकि घाँटीको नलीबाट मात्र बोल्नुपर्ने अवस्था भएका व्यक्तिहरू,

१०. ओट तालु फाटेको कारण बोली अस्पष्ट भएका व्यक्तिहरू,

११. बोल्दा अड्किने, शब्द वा अक्षर दोहोर्याउने समस्या तीव्र भएका भकभके व्यक्तिहरू,

१२. तीन फिटभन्दा मुनीको होचापुड्का व्यक्तिहरू,

१३. चस्मा र श्रवणयन्त्र दुवै प्रयोग गर्ने श्रवण दृष्टिविहिन व्यक्तिहरू, लेन्स वा म्याग्नीफायरको प्रयोगवाट मात्र पढ्न सक्ने न्युन दृष्टियुक्त व्यक्तिहरू,

१४. अनुवंशिय रक्तश्राव(हेमोफेलिया)सम्बन्धी समस्या भई दैनिक हिंडडुलमा कटिनाइ हुने व्यक्तिहरू,

१५. मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू

**घ) सामान्य अपाङ्गता :**

१. शारिरिक ,मानसिक वा इन्द्रिय सम्बन्धी प्रणालीहरूमा सामान्य विचलन भएका तर दैनिक जीवनका क्रियाकलाप स्वयं सम्पादन गर्न सक्ने,

२. हात वा खुट्टा केही छोटो भएका,एक हातको हत्केला भन्दामुनी नचल्ने वा गुमाएका, एक हातको हत्केला भन्दामुनीको कम्तीमा बूढीऔंला र चोरी औंला गुमाएका वा दूवै हातको हत्केलामुनीको कम्तीमा बूढीऔंला र चोरी औंला भएका व्यक्तिहरू,

३. ठुलो अक्षर पढ्नसक्ने न्युन दृष्टियुक्त व्यक्तिहरू,

४. दुवै गोडाको सवै औलाका भागहरू नभएका,

५. श्रवणयन्त्र लगाई ठूलो आवाज सून्ने तर वोली स्पष्ट भएका सुस्त श्रवण व्यक्तिहरू,

## परिच्छेद -३

## परिचय -पत्र ढाँचा र समन्वय समिति

**५. अपाङ्गता भएका व्यक्तिहरूको परिचय -पत्रको ढाँचा देहाय बमोजिम हुनेछ ।**

परिचय- पत्र वाहक व्यक्तिको व्यक्तिगत विवरण स्पष्टहुने गरि नागरिकताको प्रमाणपत्र को ढाँचामा तोकिएबमोजिम एकापट्टी नेपाली भाषामा र अर्कापट्टी अंग्रेजी भाषामा लेखिएको माथि दफा ४ मा उल्लेखित मापदण्ड अनुसार १ पृष्टको परिचय पत्र गाम्भीर्यता आधारमा गरिएको ४ वर्गका अपाङ्गता भएका व्यक्तिलाई ४ फरक रंगमा उपलब्ध गराइनेछ ।

**६. समन्वय समिति सम्वन्धि व्यवस्था देहाय बमोजिम हुनेछ :**

१. अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण गर्ने कार्यका लागि गाँउपालिकामा देहाय बमोजिमको स्थानिय समन्वय समिति रहनेछ :

क) गाँउपालिकाको उपाध्यक्ष - संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अन्य अधिकृत कर्मचारी - सदस्य

ग) गाँउ कार्यपालिकाको प्रमुखले तोकेको स्थानिय स्वास्थ्य चौकी वा अस्पतालको चिकित्सक - सदस्य

घ) स्थानिय प्रहरी कार्यालयको प्रमुख - सदस्य

ङ) अपाङ्गता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा स्थानियस्तरमा कार्यरत संघ संस्थाहरू मध्येवाट गाँउपालिकाको प्रमुखले मनोनित गरेको संस्थाको प्रतिनिधि - सदस्य

च) गाँउपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरू मध्येवाट समन्वय समितिले मनोनयन गरेको १ जना महिला सहित २ जना प्रतिनिधि - सदस्य

छ) सम्बन्धित शाखाको शाखा प्रमुख - सदस्य सचिव

ज) गाँउपालिकाको उपप्रमुखले तोकेको अपाङ्ग सम्बन्धी कार्य गर्ने कर्मचारी - सदस्य

## परिच्छेद -४

## परिचयपत्र वितरण :

**७. परिचयपत्र वितरण प्रकिया देहाय बमोजिम हुनेछ :**

(क) अपाङ्गता भएका व्यक्तिको स्थायी टेगाना स्थानिय तहको वडा कार्यालयमा अपाङ्गता भएका व्यक्ति स्वयं निजका अभिभावक वा संरक्षकले अनुसुची-१ बमोजिमको ढाँचामा परिचय -पत्र प्राप्तिका लागि सवै पुष्ट्याई गर्ने कागजातहरू २ प्रति समावेश गरि निवेदन दिनुपर्नेछ ।

ख) दरखास्तमा आफ्नो नाम, स्थायी टेगाना, उमेर, अपाङ्गता खुलेको लिखित प्रमाणित प्रतिलिपी ,पासपोर्ट साइजको (सम्भव भएसम्म अपाङ्गता देखिने गरि खिचिएको) फोटो, असक्तताको गाम्भीर्यता अवस्था र शरीरका अंगले गर्ने काममा आएको समस्या वा दैनिक कृयाकलापमा हुने सिमितताहरूको विवरण संलग्न हुनुपर्नेछ । यस प्रयोजनका लागि योग्यताको प्रमाणपत्र वा मतदाता परिचय पत्र वा जग्गा धनी प्रमाण वा जि.प्र.का.मा दर्ता भएका अपाङ्गता सम्बन्धी कार्यगर्ने संघसंस्थाले गरेका सिफारिस मध्ये कूनै एक वा यस्तै बिश्वस्त हुन सक्ने आधार दिने अन्य प्रमाणित लिखित आधार मानिनेछ ।

ग) रित पुगी आएको निवेदनमा वडा कार्यालयले निवेदन प्राप्त भएको मितिले बढीमा ३ दिनसम्म निवेदकले पेश गरेका कागजातहरूको १ प्रति कार्यालयमा राखि वडा कार्यालयको सिफारिस सहित १ प्रति गाँउपालिकामा पटाउनु पर्दछ ।

घ) सम्बन्धित व्यक्तिले पेश गरेको निवेदन उपर कुनै कागजात वा प्रमाण नपुगी परिचयपत्रका लागि सिफारिस गर्न उपर्युक्त नदेखिएमा सौ व्यहोरा निवेदकलाई ३ दिन भित्र जानकारी दिनु पर्दछ ।

ङ) वडा कार्यालयले सिफारिस गर्न नसकिने भनी दिएको जानकारी निवेदकलाई चित्त नबुझे सूचना पाएको मितिले १५ दिन भित्र सम्बन्धित स्थानिय तह समक्ष निवेदन दिन सक्नेछ ।

च) यसरी प्राप्त भएको निवेदन समेत राखि स्थानिय समन्वय समितिको बैटकमा पैश गर्नूपर्नेछ । निवेदकले पेश गरेको कागजात र अन्य सम्भाव्य तथ्य प्रमाणका आधारमा निजले परिचय पत्र पाउने देखियो भने स्थानिय समन्वय समितिले सिफारिस गरेमा निजलाई परिचय पत्र वितरण गरि त्यसको जानकारी निवेदक तथा वडाकार्यालयलाई समेत दिनुपर्नेछ ।

छ) परिचय पत्रका लागि सिफारिस गर्न कुनै कटिनाई परेमा वडा कार्यालयले चिकित्सक, विशेषज्ञ वा अपाङ्गता भएका व्यक्तिका संस्थाका प्रतिनिधिसंग राय परामर्श लिन सक्नेछ ।

ज) सामान्यतया अपा·ताभएका व्यक्ति स्वयंले आफ्नो परिचयपत्र बुझिलिनु पर्दछ, पुर्ण अशक्त अपाङ्गता वा अति अशक्त अपा·ताभएको कारणले परिचयपत्र बूझिलिन आउन नसक्ने भएमा वडा कार्यलयको सिफारिसमा परिवारको सदस्य,संरक्षक वा निजको बसोबास गर्ने स्थानीय निकायका पदाधिकारीले निजलाई बुझाउनु गरि लिन सक्नेछन्।

झ) समन्वय समितिले परिचयपत्र दिन भनी टहर गरेका व्यक्तिलाई स्थानिय तहको कार्यालयले तोकिएको ढाँचामा परिचयपत्र निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

ञ) परिचयपत्रमा गाँउपालिकाको प्रमुखप्रशासकिय अधिकृतको हस्ताक्षर हुनेछ । प्रचलित कानूनको अधिनमा रही अन्य अधिकृत कर्मचारीलाई समेत अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

ट) प्रत्यक्ष रूपमा देखिने वा अवलोकन गर्न सकिने शारीरीक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षतिको हकमा परिचयपत्र प्रदान गर्ने अधिकारीले अवलोकनगरी सोझै वा समन्वय समितिमा पेश गरि उपयूक्त परिचयपत्र उपलब्ध गराउनु पर्नेछ।

ट) प्रत्यक्ष रूपमा नदेखिने वा अवलोकन गर्न नसकिने शारीरीक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षतिको वा प्रष्ट रूपमा छुट्याउन समस्या भएका हकमा समन्वय समितिमा पेश गरी समितिको सिफारिसका आधारमा परिचयपत्र वितरण गर्नु पर्नेछ ।

ड) परिचयपत्र प्राप्त व्यक्तिहरूको वर्गीकृत लागत कम्प्युटराइज गरि आफ्नो कार्यलयमा राखी चौमासिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

**८. अन्य स्थानीय तहबाट परिचयपत्र वितरण गर्ने** :

स्थानीय टेगानामा बसोबास नभएका र विभिन्न अवरोध तथा शारीरीक वा मानसिक अवस्थाको गम्भीर्यताको कारण आफ्नो स्थायी बसोबास भएको जिल्लामा गई अपाङ्गता परिचयपत्र प्राप्त गर्न असमर्थ व्यक्तिहरूका लागी निजको स्थायी बसोबास भएको स्थानको सम्बन्धीत स्थानीय तहबाट परिचयपत्र नलिएको सुनिश्चित भएमा दफा ५ को प्रकृया पुरा गरी परिचयपत्र प्रदान गरेर सम्बन्धित स्थानीय तहलाई जानकारी गराउन सकिनेछ ।

**९. प्रतिलिपि सम्बन्धी व्यवस्था** :

१.परिचयपत्र हराइ, नासिई वा विग्रिई परिचयपत्रको प्रतिलिपि लिनुपर्ने भएमा आफ्नो स्थायी टेगाना भएको स्थानिय तहको वडा कार्यालयमा यथार्थ विवरण र कारण खुलाई सिफारिका लागि निवेदन दिनु पर्दछ र यसरी प्राप्त भएको निबेदनको व्यहोरा बुझि निवेदकको माग मनासिव देखिएमा निवेदकको सक्कल कागजात सहित सिफारिस गरि गाँउपालिकामा पटाउनु पर्नेछ ।

२.गाँउपालिकाले सिफारिस सहित प्राप्त भएको निवेदन अपा·ताको प्रकृति अनुसार सोभै वा स्थानिय समन्वय समितिमा पेश गरि समितिको निर्णय अनुसार अपाङ्गता परिचयपत्रको प्रतिलिपि निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

३.प्रतिलिपिका लागि प्राप्त भएको निवेदनका विषया सो परिचय पत्र बाहक व्यक्तिले पहिले प्राप्त गरेकाृ परिचयपत्र हेरफेर गर्नुपर्ने देखिएमा स्थानिय समन्वय समितिमा पेश गरि समितिको निर्णय अनुसार अपाङ्गता परिचयपत्रको प्रतिलिपि निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

**१०. यस कार्यविधिको प्रतिकुल कार्य भएमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम सजाय हुनेछ ।**

**११.अभिलेख सम्बन्धि व्यवस्था :**

१.सम्बन्धित वडा कार्यालयले आफ्नो क्षेत्रमा भएका कुल अपाङ्गता भएका व्यक्तिहरू तथा अपा·ताभएका व्यक्तिहरू मध्ये परिचयपत्र पाएका व्यक्तिहरूको अपा·ताको प्रकृती र गाम्भीर्यता लगायत अन्य आवश्यक विवरण खुल्नेगरी नियमित रूपमा त्यसको चौमासिक विवरण तयार गरी आफ्नो गाँउपालिका तथा जिल्ला समन्वय समितिलाई समेत पटाउनु पर्नेछ ।

२.गाँउपालिकाले आफ्नो क्षेत्रमा भएका कुल अपाङ्गता भएका व्यक्तिहरू तथा अपा·ताभएका व्यक्तिहरू मध्ये परिचयपत्र पाएका व्यक्तिहरूको अभिलेख राखी त्यसको चौमासिक प्रतिवेदन प्रदेशको सामाजिक विकास मन्त्रालय, महिला तथा बालबालिका तथा ज्येष्टनागरिक मन्त्रालय र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पटाउनु पर्नेछ ।

## परिच्छेद -५

## बिबिध

**१२. विविध :**

१. यस गाँउपालिकाले आफ्नो क्षेत्राधिकार भित्ररहेका बिकट तथा दुर्गम वडाहरूमा रहेका अपाङ्गता भएका व्यक्तिहरूका लागि अपाङ्गता परिचयपत्र लगायतका सेवासरल तरिकाले उपलब्ध गराउँन कम्तिमा बर्षको १ पटक ती स्थानहरूमा परिचयपत्र वितरण सम्बन्धि घुम्ति शिविर संचालन गर्नुपर्दछ ।

२. यो कार्यविधि लागुहुनु अगाडी प्राप्त गरेका अपाङ्गता परिचयपत्र गाँउपालिकामा बुझाई यो कार्यविधि जारी भएको मितिले १ वर्षभित्रमा यस कार्यविधि बमोजिमको परिचयपत्र लिनुपर्नेछ । यस अघि जारी भएका परिचयपत्र १ वर्षपछि स्वतः मान्य हुने छैन् ।

३. यस कार्यविधिमा भएको प्रावधान अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्वन्धि ऐन र अन्य प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

४. अपाङ्गता परिचयपत्र वितरण निर्देशिका, २०६५ बमोजिम भए गरेका तथा यस अघि भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेका मानिनेछ ।

अनुसूची १

अपाङ्गता भएका व्यक्तिको परिचयपत्र पाउनको लागि दिने निवेदनको ढाँचा

फोटो

श्री कार्यालय प्रमुखज्यू
मार्फत.........................
........................................ गाउँ/नगरपालिका

मिति :................. ........

विषय : अपाङ्गता भएका व्यक्तिको परिचयपत्र पाउँ ।

महोदय,

म अपाङ्गता भएका व्यक्तिको परिचयपत्र पाउन योग्य भएकोले निम्न लिखित विवरण राखि परिचयपत्र पाउन यो निवेदन पेश गरेको छु । मैले पेस गरेको विवरण ठीक साँचो छ, झुट्टा ठहरेमा प्रचलित कानुनबमोजिमको सजाय भोग्न मञ्जुर छु ।

१. नाम थर .................... ................... उमेर ................. ......... लिङ्ग ....................

२. प्रदेश :

३. ठेगाना:

(क) स्थायी ठेगाना : ..................पालिका, वडा नं.............. टोल .............

(ख) अस्थायी ठेगाना : ................पालिका, वडा नं..................टोल ..............

(ग) सर्म्पर्क टेलिफोन वा मोबाइल नं. .............. ................. .................

३. संरक्षक/अभिभावकको नाम थर ................... .............. निवेदकको नाता ..............

४. संरक्षक/अभिभावकको टेलिफोन वा मोबाइल नं. ............. .................. .............

५. नेपाल सरकारको परिभाषा र वर्गीकरण अनुसार अपाङ्गताको प्रकार .....................

६. नेपाल सरकारको परिभाषा र वर्गीकरण अनुसार अशक्तताको आधारमा अपाङ्गताको प्रकार ...........................

७. शरीरको अंग, संरचना, प्रणालीमा आएको क्षतिको विवरण
.................................. ............................ ..................................
.................................................. ........................................

८. क्षति भएपछी दैनिक क्रियाकलापमा आएको अवरोध वा सिमितताको विवरण

.......... .......... ........................... ....................................................

...................................................................................... ................

९. अपाङ्गताको कारण उपयुक्त स्थानमा चिनो लगाउनुहोस् ।

क) रोगको दीर्घ असर ख) दुर्घटना ग) जन्मजात

घ) सशस्त्र द्वन्द्व ङ) वंशानुगत कारण च) अन्य .............

१० सहायक सामग्री प्रयोग गर्नु पर्ने आवश्यकता भएको वा नभएको : उपयुक्त स्थानमा चिनो लगाउनुहोस्

क) भएको ख) नभएको

११. आवश्यकता भएको भए कस्तो प्रकारको सहायक सामग्रीको प्रयोग गर्नुपर्ने हुन्छ ...............................................................................................

१२. सहायक सामग्री प्रयोग गर्ने गरेको/नगरेको (उपयुक्त स्थानमा चिनो लगाउनुहोस

क) गर्ने गरेको ख) गर्ने नगरेको

१३. सहायक सामग्री प्रयोग गर्ने गरेको भए सामग्रीको नाम : ........................ ...........

१४. अन्य व्यक्तिको सहयोग विना आफ्ना कस्ता कस्ता दैनिक कार्य गर्न सक्नुहुन्छ

क) ........................ ख)............................ ग) ..........................

घ) .......................... ङ) ........................ च) ..........................

१५. अन्य व्यक्तिको सहयोग लिनुहुन्छ भने कुन कुन कामको लागि लिनु हुन्छ (

क) ........................ ख)........................... ..... ग) ..........................

घ)......................... ङ)............................ च) ...........................

१६. पछिल्लो शैक्षिक योग्यता प्राथमिक तह घ) निम्न माध्यमिक तह

ङ) माध्यमिक तह च) उच्च माध्यमिक तह छ) स्नातक तह

ज) स्नातकोत्तर तह झ) विद्यावारिधी तह

१७. कुनै तालिम प्राप्त गर्नुभएको भए मुख्य तालिमहरूको नाम लेख्नुहोस

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

१८. हालको पेशा :

क) अध्ययन ख) कृषि व्यवसाय ग) स्वरोजगार घ) अध्ययन

ङ) सरकारी सेवा च) निजी क्षेत्रमा सेवा ज) केही नगरेको झ) अन्य ...

निवेदक

नाम, थर ..............................

हस्ताक्षर ..............................

मिति ..............................

अनुसूची ३

अपाङ्गता भएका व्यक्तिको कार्यालयमा राखिने अभिलेखको ढाँचा

क्रम संख्याः

अपाङ्गता परिचयपत्र नम्बरः परिचयपत्रको प्रकार ...............

१) नाम, थरः

२) ठेगाना (स्थायी) प्रदेशः जिल्ला : स्थानीय तहः वडाः

३) ठेगाना (अस्थाई) प्रदेशः जिल्ला : स्थानीय तहः वडाः

४) जन्म मितिः ४) नागरीकता नम्बरः ५) लिङ्गः

६) रक्त समुह ७) विवाहित/अविवाहितः

८) बाबु/आमा वा संरक्षकको नाम, थरः

९) ठेगानाः प्रदेश जिल्ला स्थानीय तह वडा

१०) अपाङ्गता भएको व्यक्तिसँगको नाताः

११) पछिल्लो शैक्षिक योग्यताः

१२) अध्ययनरत विद्यालय वा कलेज : अध्ययन नगरेको पढाइ सकेको

१३) पेशाः

१४) अपाङ्गताको किसिमः

क) अपाङ्गताको प्रकृतिको आधारमा ...................

ख) अपाङ्गताको गम्भीरताको आधारमा .........................

१५) कस्ता दैनिक क्रियाकलापहरू गर्न सकिन्छ ?

.................................. ..................................................................

१६) कस्ता दैनिक क्रियाकलापहरू गर्न सकिँदैन ?

............................................................. ..............................

१७) सहायक सामग्री आवश्यक पर्ने नपर्ने

आवश्यक पर्ने भए के .................................

१८) हाल सहायक सामग्री पाएको नपाएको

१९) परिचय-पत्र वाहकले प्राप्त गरेका अन्य सेवा, सुविधा

........................................................................................... ..................................

२०) परिचयपत्र बाहकलाई आवश्यक परेका अन्य सेवा सुविधाहरू

........................................................ ........................................

२१) सेवा, सुविधा प्रदान गर्ने निकायः ....................... ..............

२२) अन्य ................................................. .............................

प्रमाणित गर्ने अधिकारीकोः

दस्तखतः

नाम, थरः

पदः

कार्यालयः

मिति :

गाउँ कार्यपालिकाकाबाट स्वीकृत मितिः२०८१।०८।०३ गते

प्रमाणीकरण मितिः२०८१।०८।०४ गते

आज्ञाले,
रेवतीप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत